नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

## पृथ्वी राजमार्गमा सवारी आवागमन बन्द

**धादिङः** पृथ्वी राजमार्गअन्तर्गत धादिङको गजुरी गाउँपालिका–५ गलौदीमा सडक भासिएपछि शुक्रबार साँझदेखि सवारीसाधन आवागमन पूर्ण रूपमा बन्द गरिएको छ।
त्रिशूली नदीको कटानका कारण सडक भासिएपछि सम्भावित दुर्घटना रोक्न अर्को सूचना जारी नभएसम्मका लागि सवारी आवागमन बन्द गरिएको जिल्ला प्रशासन कार्यालय धादिङले जनाएको छ। जिल्ला प्रशासन कार्यालय धादिङले सूचना जारी गर्दै राजमार्ग भएर सञ्चालन हुने सम्पूर्ण सवारीसाधनको आवागमन पूर्ण रूपमा रोकिएको जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी अनिल पौडेलका अनुसार अर्को सूचना जारी नभएसम्म सवारी आवागमन बन्द गरिएको हो । सडक अवरुद्ध भएसँगै राजमार्ग हुँदै काठमाडौँ भित्रिने तथा बाहिरिने सवारीसाधन प्रभावित भएका छन्।

● वर्ष ४ ● अंक ३०४ ● २०८३ साल असोज २४ गते शनिबार ● Saturday 10, October 2026 ● सूर्योदय: बिहान ०६:०० बजे ● सूर्यास्त: साँझ ०५:४० बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-




*चीनबाट आएर सुन तस्करी: सुन तस्करीमा संलग्न रहेको अभियोगमा काठमाडौँको बूढानीलकण्ठबाट पक्राउ परेका चिनियाँ नागरिकहरूलाई काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक गरिँदै । तस्बिर: रासस*

## विजयकुमार सरावगी: एमालेबाट बाहिरिए रास्वपामा नल्याउन उजुरी







**मधेशदृष्टि**
**वीरगंज।**
पार्टी फेरबदल गरेर सत्ताको चास्नीमा डुब्ने मधेशका धेरै नेताहरु छन् । तीमध्ये एउटा नाम हो विजयकुमार सरावगी। उनको फेरि वीरगंजमा चर्चा सुरु भएको छ र राजनीति गर्माएको छ।
सरावगीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को सदस्यता लिएको चर्चा बाहिरिएको थियो। उनको यो चर्चामा खुशी हुनु पर्ने रास्वपा नेतृत्व नै बेखुश देखिएपछि पर्साको राजनीति अरु गर्माएको हो । रास्वपा पर्सा जिल्ला कार्यसमितिले वीरगंज महानगरपालिकाका पूर्वमेयर विजयकुमार सरावगीको नाममा जारी सदस्यता खारेज गर्न पार्टीको केन्द्रीय नेतृत्वसँग माग गरेपछि सरावगीको राजनीतिक यात्रामा पनि प्रश्न उठेको छ। नेकपा एमालेको केन्द्रीय सदस्य पद त्यागेर सरावगी रास्वपा प्रवेशको चर्चा चलिरहेका बेला जिल्ला कार्यसमितिले उनको आगमनमै असहमति जनाउँदै सदस्यता खारेजी माग गरेको छ । रास्वपा पर्साका जिल्ला सचिव सुदिश प्रजापतिले शुक्रबार पार्टीका महामन्त्रीलाई पत्र पठाउँदै सरावगीको सदस्यता खारेज गर्न आग्रह गरेका हुन्।
पत्रमा सरावगीको सदस्यता अनलाइन पोर्टलबाट जारी गरिएको भए पनि यसबारे जिल्ला कार्यसमितिलाई जानकारी नगराइएको जनाइएको छ । सरावगीको सदस्यताप्रति पर्साका रास्वपा नेता तथा कार्यकर्ताको असहमति रहेको उल्लेख गर्दै सदस्यता खारेज गर्न माग गरिएको छ। एमालेको केन्द्रीय सदस्य रहेका सरावगीले विहीबार मात्रै फेसबुक स्टाटस लेख्दै नेकपा एमालेका सबै जिम्मेवारी त्यागेको घोषणा गरेका थिए।
सरावगीको राजनीतिक दलबदलु चरित्रमा रास्वपाकै असहमतिपछि पर्साका पत्रकार अनुप तिवारीले मेटामा कटाक्ष गरेका छन् । उनले भनेका छन्, 'तपाईं जहाँ जानुहुन्छ, समस्या मात्रै बन्नुहुन्छ।'
सरावगी सुरुमा माओवादी थिए । पछि फोरममा गए। अनि जसपा हुँदै एमाले भए । एमाले छाडेर उनी रास्वपामा आउने चर्चा र उनलाई रोक्न भइरहेको चर्चाले रास्वपा केन्द्रीय कार्यालय घण्टीघरसम्म तरंगित भएको छ।

एमाले छाडिन् यादवले

नेकपा एमाले पर्साका नेता कार्यकर्ताको पार्टी परित्यागक्रम बढेको छ। एमाले नेतृ रीमा यादवले पनि पार्टी परित्याग गर्दै रास्वपा प्रवेश गरेकी छन्। उनी वीरगंज महानगरको निर्वाचनमा रास्वपाबाट उम्मेदवार बन्ने चर्चा छ।

**अन्सारी पनि अलग**

जसपामा १२ वर्षदेखि क्रियाशील केन्द्रीय सदस्य तबस्सुम अन्सारी पनि पार्टीबाट अलग भएकी छिन्। उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश गरेकी छिन्।
नेताहरुको रास्वपा आकर्षण बढिरहँदा नेतृत्व भने ल्याएका नेतालाई कहाँ व्यवस्थापन गर्ने भन्ने पिरलोमा पर्न थालेको छ।
पटेर्वासुगौलीमा रास्वपाको अभियान
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सञ्चालन गर्दै आएको संगठन विस्तार तथा नागरिक संवाद अभियान 'हामी आउँदै छौं' शुक्रबार पर्साको पटेर्वा सुगौली गाउँपालिका–४, सुगौलीमा भएको छ । पार्टी गाउँपालिका सभापति कविता चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका केन्द्रीय प्रतिनिधिद्वय प्रमोद महतो र उमरकान्त चौधरीको प्रमुख आतिथ्यता थियो । कार्यक्रममा पार्टीका जिल्ला तथा क्षेत्रीय प्रतिनिधि, पालिका एवं वडा समितिका पदाधिकारी र स्थानीय कार्यकर्ताहरूको उल्लेख्य सहभागितो थियो । सहभागीहरूले स्थानीयस्तरमा जनसम्बन्ध सुदृढ बनाउने, पार्टी संगठन विस्तार गर्ने र सर्वसाधारणका दैनिक समस्याहरूलाई प्राथमिकताका साथ उठाउने विषयमा छलफल गरेका स्थानीय युवा अगुवा राजकुमार साहले जानकारी दिए।

## ५२ थान नागरिकतासहित रौतहटका तीन युवक हेटौँडामा पक्राउ



**मधेशदृष्टि**
**हेटौँडा।**
प्रहरीले ५२ थान नागरिकता, भारी मात्रामा मोबाइल सिम र चेकबुकसहित रौतहटका तीन युवकलाई नियन्त्रणमा लिएको छ।
हेटौँडा उपमहानगरपालिका वडा नं. ५, सानोपोखरा स्थित रामबहादुर पोखरेलको घरमा डेरा लिएर बसेकाहरु पक्राउ परेका हुन्।
उनीहरुले आपराधिक क्रियाकलाप गर्दै आएको सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले खानतलासी लिएर पक्राउ गरेको हो।
प्रहरीले रौतहट, कटहरिया नगरपालिका वडा नं. ८ घर भएका अन्दाजी १९ वर्षीय अजय कुमार यादव, सोही स्थानका अन्दाजी १९ वर्षीय पवन कुमार दास तथा रौतहटकै बौधिमाई नगरपालिका वडा नं. ६ घर भएका अन्दाजी २१ वर्षीय रोशन राय यादवलाई पक्राउ गरेको हो।
उनीहरुका साथबाट विभिन्न व्यक्तिका नाममा जारी भएका नागरिकता प्रमाणपत्रका प्रतिलिपि ५२ थान, एनसेल कम्पनीका प्रयोग भइसकेका सिमकार्ड २२ थान, सिलप्याक अवस्थामा रहेका सिमकार्ड २१ थान तथा अन्य व्यक्तिका नाममा रहेका चेकबुक ४ थान बरामद भएको छ।
बरामद भएका नागरिकता प्रमाणपत्रका प्रतिलिपि, सिमकार्ड तथा चेकबुक के प्रयोजनका लागि राखिएको हो भन्ने सम्बन्धमा सोधपुछ गर्दा उनीहरूले सिमकार्डको प्रयोग तथा प्राप्तिको स्रोत खुलाउन नसकेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ।
तीनै जनालाई नियन्त्रणमा लिई ठगीसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

## पोखरामा स्कुल बस दुर्घटनामा मृत्यु भएका सबैको पहिचान

**कास्की।**
पोखरा महानगरपालिका–२८ कालिका ओख्लेको भीरमा शुक्रबार बिहान स्कुल बस दुर्घटना हुँदा चार विद्यार्थीसहित पाँच जनाको मृत्यु भएको छ। घटनामा १४ जना घाइते भएका छन्।
सौर्य माझठानाबाट कालिकास्थानतर्फ आउँदै गरेको कालिका बोर्डिङ स्कुलको ग२ख १४१७ नम्बरको बस आज बिहान सडकबाट करिब २०० मिटर तल खसेर दुर्घटना भएको हो।
दुर्घटनामा परी मृत्यु हुनेमा पोखरा महानगरपालिका–२८ माझठानाकी १३ वर्षीया ममता तिवारी, सोही ठाउँका १४ वर्षीय अशिम कँडेल, कक्षा १० मा अध्ययनरत माझठानाकी १४ वर्षीया रुमिका नेपाली र माझठानाकै कक्षा १० मा अध्ययरत सुवेच्छा तिवारी रहेका जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख एवं प्रहरी उपरीक्षक नविन कार्कीले जानकारी दिए । उनका अनुसार उपचारका लागि लिफ्ट मागेर सोही बसमा सवार भएका पोखरा–२८ निवासी ६५ वर्षीय बाबुराम तिवारीको पनि दुर्घटनामा मृत्यु भएको छ।
दुर्घटनामा घाइते भएका तीन जनाको गण्डकी मेडिकल कलेजमा उपचार भइरहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए । घाइतेहरूमा पोखरा–२८ सौर्यकी कक्षा १० मा अध्ययनरत १६ वर्षीया सृष्टी तिवारी, सोही ठाउँका कक्षा १० मा अध्ययनरत १६ वर्षीय शिसन थापामगर र डाँडागाउँका १६ वर्षीय कक्षा १० मा



अध्यनरत सौगात तिमिल्सिना रहेका छन् । उनीहरूको अवस्था मध्यम रहनुका साथै बोल्न सक्ने अवस्थामा रहेका प्रहरीले जनाएको छ।
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचाररत घाइतेमध्ये माझठानाकी १५ वर्षीया अस्मी कँडेलको अवस्था गम्भीर रहेको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिए।
यसैगरी मादी गाउँपालिका–१२ पहिरेकी १४ वर्षीया स्नेहा खत्री, पोखरा–२८ माझठानाकी १३ वर्षीया सोनिया तिवारी, १३ वर्षीय अङ्कित पराजुली, मादी–१२ पहिरेकी १५ वर्षीया स्मृति खत्री, पोखरा–२८ माझठानाकी १६ वर्षीया स्नेहा तिवारी, १४ वर्षीया आकृती बुढाथोकी, १५ वर्षीया मेरिना तिवारी, १४ वर्षीया सुप्रिया आचार्य र १६ वर्षीय यमन मगर घाइते भएका छन्। उनीहरू सबैको टाउकोमा चोट लागेको प्रहरीले जनाएको छ । बस चालक पोखरा महानगरपालिका–१५ निवासी ५७ वर्षीय तुलबहादुर गुरुङको ढाड र छातीमा चोट लागेको छ । उनको अवस्था मध्यम छ।

## पहिला जोगिएका युवक अर्को हत्या आरोपमा पक्राउ



मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधाम उपमहानगरपालिका–५ मा छुरा प्रहारबाट एक युवकको हत्या गरेको आरोपमा पक्राउ परेका मोहम्मद इर्साद खान यसअघि पनि ज्यान मार्ने उद्योगको मुद्दामा आरोपित रहेको खुलेको छ । उक्त मुद्दामा पक्राउ पुर्जी जारी भए पनि उनी लामो समयसम्म पक्राउ परेका थिएनन्।
बिहीबार साँझ जानकी मन्दिरनजिकै भएको छुरा प्रहारको घटनामा जनकपुरधाम–५ सोनारपट्टीका २४ वर्षीय आमिन साफीको मृत्यु भएको छ भने सोही ठाउँका २५ वर्षीय इम्तियाज राइन गम्भीर घाइते भएका छन्।
प्रहरीका अनुसार करिब २२ वर्षीय इर्सादले दुवै युवकको छाती र पेटमा धारिलो हतियार प्रहार गरेका थिए । घटनालगत्तै प्रहरीले घाइते दुवैलाई उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पु¥याएको थियो । अस्पतालमा चिकित्सकले आमिनलाई मृत घोषणा गरेका थिए । उनको शव आवश्यक कानुनी प्रक्रिया पूरा गर्न अस्पतालको शवगृहमा राखिएको छ । घाइते इम्तियाजको उपचार भइरहेको प्रहरीले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले घटनामा संलग्न रहेको आरोपमा इर्सादलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जानकारी दिए। प्रहरीको प्रारम्भिक अनुसन्धानमा पुरानो रिसइवीका कारण घटना भएको देखिए पनि वास्तविक कारण र घटनामा अन्य व्यक्तिको संलग्नताबारे अनुसन्धान जारी रहेको उनले बताए।
पुरानो ज्यान मार्ने उद्योगको मुद्दामा पक्राउ पुर्जी
प्रहरी अभिलेखअनुसार इर्सादविरुद्ध यसअघि पनि ज्यान मार्ने उद्योगको मुद्दा चलाइएको थियो। २०८२ फागुन ३ गते जनकपुरधाम उपमहानगरपालिका–१४ रजौलका २६ वर्षीय मोहम्मद मुस्तफा राइनमाथि खुकुरी प्रहार गरेको आरोपमा उनीविरुद्ध जाहेरी परेको थियो।
जाहेरीअनुसार बकर इदका दिन इर्सादले मुस्तफालाई घरमा बोलाएर पसलमा लगेका थिए । त्यहाँ घाँटीमा खुकुरी राखेर काट्ने धम्की दिएको र मुस्तफा भाग्न खोज्दा पछाडिबाट लखेटेर खुकुरी प्रहार गरेको आरोप छ। उक्त घटनामा मुस्तफाको बायाँ हातमा चोट लागेको थियो।
घटनापछि मुस्तफाले जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएपछि प्रहरीले इर्सादविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा अघि बढाएको थियो।
प्रहरीका अनुसार उक्त मुद्दामा इर्सादलाई पक्राउ गर्न धनुषा जिल्ला अदालतबाट

*बाँकी पृष्ठ ३ मा*

## कांग्रेस धनुषा–३ को सभापतिमा पजियार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ३ को क्षेत्रीय सभापतिमा रामचन्द्र पजियार पुनः निर्विरोध निर्वाचित भएका छन्।
क्षेत्रीय अधिवेशनबाट पजियारलाई पुनः सभापतिमा चयन गरिएको हो। अधिवेशनमा पार्टीको आन्तरिक एकता कायम राख्दै संगठनात्मक गतिविधिलाई प्रभावकारी बनाउने तथा जनताका समस्या र आवश्यकताप्रति संवेदनशील भएर अघि बढ्नुपर्ने विषयमा समेत छलफल भएको थियो।
पजियारको पुनः चयनसँगै क्षेत्र नं. ३ मा पार्टीको संगठन सुदृढ बनाउने, नेता तथा कार्यकर्ताबीच समन्वय बढाउने र संगठनका गतिविधिलाई प्रभावकारी रूपमा अघि बढाउने अपेक्षा गरिएको छ।



अधिवेशनले नेतृत्व चयनसँगै पार्टीको संगठनात्मक एकता र आगामी राजनीतिक गतिविधिलाई व्यवस्थित बनाउने विषयमा जोड दिएको छ।

## सम्पादकीय

# कांग्रेसको राजनीतिक धारबाट देउवा धारमा पुगेकाहरु छुटे कि छुटिन चाहे ?

नेपाली कांग्रेसको महाधिवेशनले पार्टीभित्रको आन्तरिक लोकतन्त्र, शक्ति सन्तुलन र भावी राजनीतिक दिशाको स्पष्ट चित्र पेस गरेको छ । महाधिवेशन केवल नेतृत्व चयन गर्ने औपचारिकता मात्र नभई राष्ट्रिय राजनीतिमा पार्टीको भूमिका र क्षेत्रीय प्रतिनिधित्वको गम्भीर समीक्षा गर्ने अवसर पनि हो । विशेषगरी मधेश प्रदेश, जुन ऐतिहासिक रूपमा कांग्रेसको बलियो आधार इलाका मानिन्थ्यो, त्यहाँका नेताहरूको भूमिका र उनीहरूको राजनीतिक स्थानबारे यो महाधिवेशनले महत्त्वपूर्ण प्रश्नहरू उब्जाएको छ । मधेशमा प्रचुर सम्भावना र जनाधार भएका नेताहरू राष्ट्रिय राजनीतिमा प्रभावकारी हस्तक्षेप गर्न छाडेर शीर्ष नेतृत्वको गुटगत छहारीमा सीमित हुनु लोकतान्त्रिक अभ्यास र क्षेत्रीय जनभावनाका दृष्टिले चिन्ताजनक विषय बनेको छ।

नेपाली कांग्रेसको राजनीतिमा मधेशी नेताहरूको इतिहास त्याग, समर्पण र सङ्घर्षले भरिएको छ । तर पछिल्ला महाधिवेशनहरू र आन्तरिक समीकरणहरूलाई नियाल्दा मधेशका प्रभावशाली नेताहरू सभापति शेरबहादुर देउवाको संस्थापन पक्षको पछि लाग्ने वा व्यक्तिगत लाभको राजनीतिक जोडघटाउमा रुमल्लिने प्रवृत्ति हाबी भएको देखिन्छ । आफ्नै स्वायत्त राजनीतिक पहिचान, वैचारिक स्पष्टता र क्षेत्रीय एजेन्डा निर्माण गर्नुको सट्टा सभापति देउवाको शक्ति केन्द्र वरिपरि परिक्रमा गर्दा मधेशी नेताहरूले पार्टीभित्र हुनुपर्ने निर्णायक हैसियत गुमाउँदै गएका छन् । पार्टी नेतृत्वको अनुग्रहमा मात्र आफ्नो राजनीतिक भविष्य सुरक्षित देख्ने यो प्रवृत्तिले उनीहरूलाई मूलधारको नेतृत्व तहमा पुग्नबाट रोकेको छ।

देउवा पक्षको गुटगत संरक्षणमा रमाउँदा मधेशका एजेन्डा र त्यहाँका जनताका मुद्दाहरू पार्टीको केन्द्रीय नीति निर्माण प्रक्रियामा ओझेलमा परेका छन् । मधेशका मूल समस्या–जस्तै सङ्घीयताको सुदृढीकरण, समावेशी प्रतिनिधित्व, किसानका समस्या र सीमावर्ती क्षेत्रका चुनौतीहरूमा आफ्नै नेतृत्वमा सशक्त आवाज उठाउनुको सट्टा शीर्ष नेतृत्वको निर्णयको साक्षी मात्र बन्ने परिपाटीले मधेशी नेताहरूलाई आफ्नै कार्यकर्ता र जनताबाट टाढा बनाएको छ । क्षेत्रीय आवश्यकता र पार्टीको केन्द्रीय नीतिबीचको खाडल पुर्ने बलियो पुल बन्नुपर्नेमा, देउवाको पछाडि लागेर राजनीतिक सुरक्षा खोज्ने प्रयासले उनीहरूलाई आफ्नै भूमिमा जनविश्वास गुमाउने जोखिममा पु¥याएको छ।

यदि मधेशका नेताहरूले गुटगत राजनीतिभन्दा माथि उठेर वैचारिक स्पष्टता र सामूहिक अडान देखाउन सकेका भए, उनीहरू नेपाली कांग्रेसको मूलधारको राजनीतिमा सभापति वा केन्द्रीय नेतृत्वको सशक्त दाबी गर्न सक्ने हैसियतमा पुग्न सक्थे । मधेशमा सम्भावना, अनुभव र सङ्गठन निर्माणको क्षमता भएका दर्जनौँ नेताहरू हुँदाहुँदै पनि उनीहरू शक्ति केन्द्रको छायामा हराउन मन्जुर देखिए । केन्द्रीय नेतृत्वलाई चुनौती दिँदै पार्टीभित्र वैकल्पिक विचार र रूपान्तरणको नेतृत्व गर्नुको सट्टा देउवाको संरक्षणमा पद वा पहुँच सुनिश्चित गर्ने बाटो रोज्नुले मधेशको नेतृत्वदायी सम्भावनालाई संकुचित पारिदिएको छ।

तसर्थ, कांग्रेस महाधिवेशनको मूल सन्देश नै पार्टीभित्रको गुटबन्दी र व्यक्तिपूजनको संस्कृतिलाई अन्त्य गरी विचार र एजेन्डाको राजनीति पुनःस्थापित गर्नु हो । मधेशका नेताहरूले शेरबहादुर देउवा वा कुनै पनि शक्ति केन्द्रको पछाडि लागेर पाइने क्षणिक लाभभन्दा माथि उठेर आफ्नै स्वाभिमान, विचार र जनाधारमा आधारित राजनीति निर्माण गर्नुपर्छ । मूलधारको राजनीतिमा केवल पछाडि उभिने समर्थक होइन, देश र पार्टीको नीति तथा नेतृत्व तय गर्ने अग्रपङ्क्तिको नायक बन्न अब मधेशका नेताहरूले गम्भीर आत्मसमीक्षा गर्नैपर्छ । अन्यथा, पार्टीभित्र आन्तरिक समीकरण फेरिँदा र जनचेतना बदलिँदा गुटको छहारी खोज्ने नेताहरू मूलधारको राजनीतिबाटै किनाराकृत हुने जोखिम झन् बढेर जानेछ।

# भोटेकोशी विपत्तिका ४५ दिन: बगेको बस्ती, हराएको चैन

–प्रगति ढकाल/रासस

रसुवाको भोटेकोशीमा विनाशकारी बाढी गएको ४५ दिन बितिसक्दा पनि स्याफ्रुबेँसीका कान्छा तामाङको मनबाट त्यो कहालीलाग्दो क्षण हटेको छैन। आँखै अगाडि बस्तीलाई बाढीले बढारेको त्यो दृश्य उहाँको स्मृतिमा कहिलेसम्म रहनेछ थाहा छैन।

अझै पनि यी सबै सपना हो कि जस्तो लाग्छ कहिलेकाहीँ त उहाँलाई । यतिका दिनसम्म पनि कान्छाको आँखामा भने भदौ १० गतेको त्यो बाढीको भेल नाचिरहन छाडेको छैन । त्यो बाढीको गड्याङगुडुङको आवाज अझै कान्छाको कानमा गुञ्जिरहन छाडेको छैन । भेलले बगाउँदै गर्दा आफन्त चिच्याएका हुन्थे। ती आफ्नाहरूको चिच्याहट सम्झँदा मन काप्न छाडेको छैन। ती घटना बिर्सनसके पो मन भारी हुन छाड्थ्यो कान्छाको।

बाढीपछि मृत्यु भएका ती आफन्त र गाउँले अब कहिल्यै फर्केर आउने छैनन्। हराएका ती प्रियजन अब त फर्केने आशा पनि मरिसक्यो । कहिलेकाहीँ फर्की आउँछन् कहीँकतैबाट पो भन्ने भ्रम पनि मनबाट पूर्ण रूपमा हट्न सकिरहेको छैन कान्छाको । आँखै अगाडि बगिरहेका ती प्रिजन सम्झन्छन् । बस्तीलाई बाढीले बढारेको दृश्य आँखामा नाचिरहन्छ । अनि झन् मन भक्कानिन्छ कान्छाको । सुन्दर बस्तीलाई बाढीले क्षणभरमै बगर बनाउरला र यति धेरै कुरूप बन्ला बन्ने कल्पना पनि गर्नुभएको थिएन कान्छाले। ती उजाड लाग्दो बगरलाई हेर्दा आँखा रसाउँछ उहाँको।

त्यो दिन बाढीको भेल असामान्य रूपमा तीव्र थियो। बाढी आउँदा उहाँ केही अग्लो स्थानमा पुगेर ज्यान जोगाउन सफल हुनुभयो तर सुरक्षित स्थानमा पुगेपछि पनि उहाँले देखेको दृश्य झनै भयावह थियो । ‘गड्याङगुडुङ गरेर ठूलो आवाज आयो । के रहेछ भनेर हेर्दा त ठूलो बाढी रहेछ,’ कान्छा त्यो दिन सम्झनुहुन्छ, ‘बेतोडले भागेर अलि माथि पुगेँ। तल हेर्दा मानिस बगिरहेका थिए। कोही चिच्याइरहेका थिए । हेर्दाहेर्दै स्याफ्रुबेँसी बजारलाई बाढीले बडा¥यो।’

आफू सुरक्षित ठाउँमा पुगे पनि अरूलाई जोगाउन नसकेको पीडा भने उहाँको मनमा गहिरो गरी बसेको छ। ‘सयौँ मानिस बगेको हेर्नुप¥यो। त्यस्तो भेलमा पसेर उनीहरूलाई जोगाउन सकिने अवस्था थिएन,’ कान्छा भन्नुहुन्छ, ‘बगिरहेको हेर्नुबाहेक अर्को विकल्प नै के थियो र ? सम्झँदा पनि अहिले आङ सिरिङ्ग हुन्छ ।’ त्यसदिन बाढीको भेलले कान्छाका बाल्यकालदेखिका सबै सम्झनासमेत बगाएर लग्यो । सँगै खेलेका साथीहरू, परिचित अनुहार र त्यो बस्ती अहिले कान्छाका सम्झनामा मात्रै छन् । गड्याङगुडुङको आवाज, एकाएक उर्लिएको भेल, मानिसको चिच्याहट र आँखै अगाडि बगिरहेको बस्ती दृश्य सायद कान्छाको मानष्पटलमा ननाचेको कुनै क्षण नै नहोला।

विपद् दोहोरिने डरले अझै तर्सिरहन्छ मन...
बाढी गएको यतिका दिन बितिसक्दा पनि अझै डराइरहेको छ कान्छाको मन। घरीघरी ठूलो विपद् फेरि दोहोरिन्छ कि भन्ने चिन्ताले सताउन छाडेको छैन। ‘त्यो दिन सम्झँदा अहिले पनि डर लाग्छ,’ उहाँ भन्नुहुन्छ, ‘फेरि यस्तै विपद् दोहोरिन्छ कि डर लागिरन्छ। रातैभर आनन्दले निन्द्रा नै पर्दैन।’

कान्छाका श्रीमती ल्हात्सेन डोल्पालाई पनि आँखै अगाडिको त्यो घटना न सम्झिन मन छ । न बिर्सन सजिलै सक्नुहुन्छ । उहाँका पनि कयौँ रातहरू डरै डरमा बितिसकेँ। अझै पनि मनको डर हट्न सकेको छैन । ‘आकाशमा मेग गर्जंदा पनि डर लाग्छ, हामीलाई जन्दिगीभर नबिर्सने छाप छाडेको छ त्यो बाढीले,’ उहाँ भन्नुहुन्छ।

अर्का स्थानीय सन्दु ज्ञावाले पनि आफ्ना छ जना आफन्तलाई त्यही बाढीमा गुमाउनुप¥यो। बाढीले बगाएको बस्ती फेरि बनाउन सकिएला भन्ने लाग्छ सन्दुलाई । भत्किएका घर, सडक र संरचना पनि फेरि उठाउन सकिएला तर बाढीले खोसेका आफन्त भने कहिल्यै फर्कने छैनन् । सम्झनाले उहाँलाई पनि हरेक दिन सताइरहेको छ।

सन्दुको घरलाई भने बाढीले छुन सकेन। घर जोगिएकामा खुसी हुनुपर्ने हो। तर, घरको आँगनीको डिलमा उभिएर तल हेर्दा देखिने उजाड बगरले उहाँको मन झन् भारी बनाउँछ । आफ्नै घर जोगिएको खुसीभन्दा तलको बस्ती र आफ्ना आफन्त गुमाएको पीडा ठूलो छ उहाँलाई । ‘बस्ती त फेरि बनाउन सकिन्छ होला । घर पनि फेरि बनाउन सकिन्छ तर गुमाएका मान्छे कसरी फर्काउने ?’ सन्दुको भनाइमा बाढीले छाडेको पीडाको गहिराइ स्पष्ट झल्किन्छ।

गत वर्ष पनि यसपटकको जस्तै भारी वर्षाबिना भोटेकोशीमा बाढी आएको थियो । तर यस्तो सुनामी थिएन। सन्दुको मनमा अर्को डरले डेरा जमाएको छ– फेरि पनि यो भन्दा ठूलो बाढी आयो भने ? ‘अब त ठूलो बाढी जुनसुकैबेला आउला भन्ने डर लाग्छ । बचेको घर पनि कुनै दिन बगाएर लैजाला कि भन्ने चिन्ता हुन्छ,’ उहाँ भन्नुहुन्छ।

त्यो दिन बाढी आउँदैछ भन्ने पूर्वसूचना आफूहरूले नपाएको सन्दु बताउनुहुन्छ । नदीको आवाज अस्वाभाविक आएपछि के रहेछ भनेर हेर्दा पनि निकै ठूलो बाढी पो रहेछ। ‘हामीले बाढी आउँदैछ भन्ने सूचना पाएका थिएनौँ। त्यस दिन बाढी आएको देख्नेबित्तिकै सुस्केरा हालेर आवाज दिन खोजेँ। कसैले सुनेन,’ उहाँ भन्नुहुन्छ।

उर्लिरहेको बाढीको गर्जनसामु एउटा मानिसको सुस्केराको आवाज कति न ठूलो हुनु र मानिसले सुन्नु । सुनेर पनि भाग्न भ्याउने अवस्था थिएन । सन्दुले सुस्केरा दिँदादिँदै उहाँकै आँखा अघि बाढीले बस्ती र मानिसलाई बगायो । त्यो दिन सम्झिँदा सन्दुको मन अझै झस्किन छाडेको छैन । ‘अझै पनि यी सबै सपना भइदिएहुन्थ्यो जस्तो लाग्छ । बिहान उठ्दा ‘अँ, धन्न सपना पो रहेछ’ भन्न पाए हुन्थ्यो,’ उहाँ भन्नुहुन्छ। तर, त्यो सपना हुनै सक्दैन अब, कठोर सत्य हो । जुन स्वीकार गर्नुको विकल्प नै छैन।

स्याफ्रुबेँसी बजारको उजाड बगर हेरेपछि आफन्त सम्झिरहनुहुन्छ सन्दु । घरको आँगनमा उभिँदा घर बचेको र आफू बाँचेको खुसीभन्दा अरु गुमाएकाको पीडा बल्झिन्छ। बाढीको भेल तलतिर बगेर गयो । तर, त्यसले सन्दु र अन्य बाँचेकाको मनमा छाडेको त्रास भने अझै बगेको छैन।

विपद्पछिको कठिन जीवनस्तर
भोटेकोशी बाढी गएको ४५ दिन बितिसकेको छ । बाढीले खोसेका जीवन फर्केर आउने छैनन्। बेपत्ता आफन्त भेटिने आशा पनि मरिसक्यो। बाँचेका मानिस भने गुमाएका आफन्तको सम्झनामा टोलाइरहेका छन्। हिजोका सुन्दर बस्ती र हराभरा खेत, प्राकृतिक सौन्दर्यले भरिएको ठाउँ अहिले उजाड बगर बनेको छ । त्यो बगर देख्ने जो कोहीको मन भारी हुन्छ र आँखा रसाउँछन्।

बाढीबाट जोगिएकाको जीवन पनि सहज छैन। घरबार र आफन्त गुमाएका परिवारको पीडासँगै दैनिक गुजारा चलाउने चुनौती थपिएको छ । ‘महँगी असाध्यै छ । हामी प्रभावित क्षेत्रका भए पनि प्रभावित परिवारमा नपरेकाले राहत लिन जान पनि मन लाग्दैन । किनेर खान पनि नजिकै ठाउँ छैन । अलि टाढा जाँदा असाध्यै महँगो पर्छ,’ सन्दु भन्नुहुन्छ, ‘बाँच्नेलाई पनि जिउन निकै गाह्रो छ।’

विपत्तिले दिएको पीडा र अभावकाबीच सन्दुको मनमा भने निराशासँगै पुनःसामान्य जीवनमा फर्किने झिनो आशा पनि बाँकी छ । सडक बन्ला, पुल बन्ला, बस्ती फेरि बस्ला र उजाडिएको ठाउँमा पुरानै सौन्दर्य फर्किएला भन्ने आशाले उहाँलाई घचघच्याइरहन्छ । पुनर्निर्माणपछि जीवन फेरि सहज बन्ने विश्वास त छ, तर त्यसका लागि कति समय कुर्नुपर्ने हो भन्ने उहाँलाई थाहा छैन । अहिलेका लागि उहाँसँग गुमाएका आफन्तको कहिल्यै नमेटिने सम्झना, विपद्ले छाडेको पीडा र फेरि जीवन लयमा फर्किने प्रतीक्षा भने बाँकी नै छ।

**वैकल्पिक आवतजावतलाई तुइन**
केही सामान किन्न र उपचार गर्न जानुपर्दा भने घण्टौँ कुरेर तुइनबाट आवातजावत गर्नुपर्ने अर्को समस्या सुनाउनुहुन्छ कान्छा तामाङ । ‘तुइनबाट खोला तर्दातर्दै अझै ठूलो बाढी आउँछ र तुइनसहित बगाउला कि भन्ने डर लाग्छ। के गर्नु तुइनबाहेक अन्य केही विकल्प नै छैन,’ उहाँ सुनाउनुहुन्छ।

रसुवासहित बाढीबाट प्रभावित क्षेत्रमा वैकल्पिक आवतजावतका लागि चार वटा तुइन निर्माण गरी सञ्चालनमा ल्याइएको छ । स्थानीय पूर्वाधार विकास विभागका उपमहानिर्देशक एवं प्रवक्ता कमलकुमार अधिकारीले बाढी प्रभावित क्षेत्रमा आवातजावतका लागि बनाइएका ती तुइन निर्माण तथा मर्मतमा करिब रु २० लाख खर्च भएको जानकारी दिनुभयो।

‘नुवाकोटको इन्द्रेणीचौर–गुम्बाडाँडा जोड्ने त्रिशूली नदीको तुइनलाई मोटराइज्ड गरिएको छ । त्यस्तै रसुवाको गोसाइँकुण्ड गाउँपालिका–५ र ६ स्थित स्याफ्रुबेँसी–चिलिमे जलविद्युत् आयोजना क्षेत्रको तुइनलाई मोटराइज्ड गर्ने काम भएको छ,’ उहाँले भन्नुभयो, ‘रसुवाको गोसाइँकुण्ड गाउँपालिका–६ स्थित हाकुबेँसी र आमाछोदिङ्गो गाउँपालिका–१ जोड्ने तुइन तथा नुवाकोटको विदुर नगरपालिका–५ देविघाट क्षेत्रका तुइन सञ्चालनमा रहेको छ।’

अधिकारीका अनुसार थप तीन स्थानमा तुइन जडानको तयारी भइरहेको छ । रसुवाको उत्तरगया गाउँपालिका–४ पैरेबेँसी र नुवाकोटको किस्पाङ गाउँपालिका–५ जोड्ने स्थानमा निर्माण कार्य सुरु भएको छ। विभागका अनुसार स्याफ्रुबेँसी–लाङटाङ क्षेत्रमा भने खानी क्षेत्र भएकाले नेपाली सेनाले आवागमन निषेध गरेपछि स्थान परिवर्तन गर्नुपर्ने भएको छ। रसुवाकै रुङ्गा क्षेत्रमा पनि तुइन जडानको तयारी भइरहेको विभागले जनाएको छ।

**विपद्पछि १२ झोलुङ्गे पुलको मर्मत सम्पन्न**
भोटेकोशी–त्रिशूली क्षेत्रमा आएको बाढीबाट क्षतिग्रस्त १२ वटा झोलुङ्गे पुलको मर्मत सम्पन्न भएको छ भने थप नौ वटा पुलको मर्मत अन्तिम चरणमा पुगेको छ । स्थानीय पूर्वाधार विकास विभागका उपमहानिर्देशक एवं प्रवक्ता कमलकुमार अधिकारीले बाढीबाट क्षतिग्रस्त पुलको मर्मतका लागि पहिलो र दोस्रो चरणमा आवश्यक स्टिल पार्टस् खरिद सम्पन्न भएको जानकारी दिनुभएको छ । तेस्रो चरणका लागि आवश्यक स्टिल पार्टस् खरिदको सम्झौता भई पहिलो पटकको सामानसमेत आपूर्ति भइसकेको छ उहाँको भनाइ छ।

विभागका अनुसार मर्मत सम्पन्न भएका पुलमा नुवाकोटका पिमलटार–जागाराम, फोक्सेटार र जिलिङ तथा धादिङका मालिङ्गा–मझुवाटार दोभान, महादेवस्थान, केउरेनी–गहते, बेल्खु–भुतिया, कालिकास्थान, महेशदोभान–मास्टार, चिरौँदी खोला र शीतलबजार–क्युरेनीटार झोलुङ्गे पुल छन् । गोरखा–चितवन जोड्ने फिस्लिङ झोलुङ्गे पुलको मर्मतसमेत सम्पन्न भएको विभागले जनाएको छ।

विभागका अनुसार यी १२ वटा झोलुङ्गे पुलको मर्मतमा करिब रु तीन करोड खर्च भएको छ। त्यस्तै गोरखा–धादिङको बादरे, धुवादीघाट, जिन्टे–स्यालटार, धादिङ–नुवाकोट जोड्ने कोल्पु–कल्लेरीघाट, गोरखा–धादिङको जोगीमारा र कौडीखोला, गोरखा–चितवनको कुरिनटार (लेबाटार), धादिङको बिहानी पम्प र मलेखु झोलुङ्गे पुलको मर्मत कार्य अन्तिम चरणमा पुगेको विभागले जनाएको छ।

विभागले बाढीबाट क्षतिग्रस्त झोलुङ्गे पुलको पुनर्निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने कामसमेत सुरु गरेको जनाएको छ। त्यस्तै क्षतिग्रस्त पुल पुनर्निर्माणका लागि आवश्यक लट्ठा खरिद प्रक्रिया अघि बढाइएको छ । थप लट्ठा खरिदका लागि सहमति माग गर्दै मन्त्रालयमा प्रस्तावसमेत पेस गरिएको विभागका उपमहानिर्देशक अधिकारीले जानकारी दिनुभयो।

# माथि पहिरोको डर, तल मस्र्याङ्दीको त्रास

–जनक श्रेष्ठ÷रासस

माथि अग्ला पहाडका भीर, साँघुरा घुम्ती र तल वेगले बग्ने मस्र्याङ्दी नदी । बीचबाट अघि बढेको छ–बेँसीसहर–चामे सडक । हिमालपारिको जिल्ला मनाङलाई सडक सञ्जालसँग जोड्ने यही एक मात्र मुख्य सडक मनाङको जीवनरेखा हो।
यही सडकबाट खाद्यान्न, औषधि, इन्धन, निर्माण सामग्री र दैनिक उपभोग्य वस्तु मनाङ पुग्छन्। बिरामी उपचारका लागि बाहिरिन्छन्, विद्यार्थी तथा स्थानीयको आवतजावत हुन्छ, व्यापारीले सामान ओसारपसार गर्छन् भने स्वदेशी तथा विदेशी पर्यटक यही मार्ग हुँदै अन्नपूर्ण क्षेत्रतर्फ पुग्छन्।
पछिल्ला वर्षमा मस्र्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण, निर्माण सामग्री र कर्मचारी बोकेका सवारीसाधनसमेत यही सडकमा निर्भर छन् तर वर्षायाम सुरु भएसँगै यही जीवनरेखा जोखिमको बाटो बन्ने गरेको छ। यस वर्ष असोज ८ देखि ११ गतेसम्म लगातार परेको वर्षापछि आएको बाढी पहिरोले बेँसीसहर–चामे सडकका विभिन्न स्थानमा ठूलो क्षति पु¥यायो।
बाढी पहिरोका कारण करिब ३५ स्थानमा सडक प्रभावित भएपछि पाँच–छ दिनसम्म सडक अवरुद्ध भयो। कतिपय स्थानमा पहिरो पन्छाउनुप¥यो भने कतिपय ठाउँमा सडक नै बगाएपछि नयाँ ट्र्याक खोल्नुपरेको थियो । डुम्रे–बेँसीसहर–चामे सडक आयोजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार बाढी पहिरोबाट क्षति भएका ३५ स्थानमध्ये २९ स्थानमा पहिरो हटाइएको छ भने सडकको ट्र्याक नै बगाएका छ स्थानमा नयाँ ट्र्याक खोलेर यातायात सञ्चालनमा ल्याइएको छ । ‘अहिले सडक सञ्चालनमा ल्याएका छौँ तर केही ठाउँमा नयाँ ट्र्याकबाट सवारी सञ्चालन भइरहेको छ । ती ट्र्याक कच्ची छन्, त्यसैले जोखिम अझै उच्च छ,’ उहाँले भन्नुभयो।
कतिपय स्थानमा काठे पुलसमेत बाढीले बगाएको छ। दुईवटा काठे पुल बगेपछि केही ठाउँमा खोला तरेरै सवारी सञ्चालन गर्नुपर्ने अवस्था आएको छ। सडक खुले पनि पुरानै अवस्थामा यातायात सञ्चालन हुन नसकेका कारण अहिलेको यात्रा जोखिममुक्त भने छैन। वर्षा दोहोरिएमा नयाँ खोलिएका कच्ची ट्र्याक पुनः क्षतिग्रस्त हुनसक्ने र सडक फेरि अवरुद्ध हुनसक्ने जोखिम रहेको आयोजनाले जनाएको छ । करिब ६५ किलोमिटर लामो बेँसीसहर–चामे सडकमा बेँसीसहरदेखि खुदीसम्मको खण्ड कालोपत्र भएको छ।
अधिकांश सडक अझै साँघुरो र कच्ची अवस्थामा छ। कतिपय जोखिमयुक्त स्थानमा ढलान तथा संरक्षणका काम गरिए पनि धेरै ठाउँमा सडक साँघुरो, चिप्लो र पहिरोको जोखिमयुक्त छ। सडकका केही स्थानमा अझै काठे पुल सञ्चालनमा छन् । वर्षायाममा सडकको जोखिम असारदेखि असोजको पहिलो सातासम्म बढी हुने गरे पनि यस वर्ष असोजको दोस्रो सातासम्म परेको निरन्तर वर्षाले जोखिमलाई थप बढाइदियो। माथिबाट पहिरो र ठूला ढुङ्गा खस्ने तथा तल मस्र्याङ्दी नदी र खोलाले सडक कटान गर्ने दोहोरो जोखिमका कारण सडक जुनसुकै बेला अवरुद्ध हुने अवस्था छ।
लमजुङतर्फ मस्र्याङ्दी गाउँपालिका–४ रामबजार क्षेत्र पनि बाढीपहिरोबाट प्रभावित भयो । पहिरोले सडक लामो समय अवरुद्ध भएपछि सडक आयोजना कार्यालयले मेसिन परिचालन गरी पहिरो हटाएर यातायात सञ्चालनमा ल्याएको थियो। बाढी र पहिरोको जोखिम कायमै रहेकाले उक्त क्षेत्रलाई पनि संवेदनशील खण्डका रूपमा हेरिएको छ।
बेँसीसहर नगरपालिका–६ स्थित खरखरे भिर भने वर्षौंदेखि नै जोखिमयुक्त क्षेत्रका रूपमा चिनिँदै आएको छ । यहाँ माथिबाट पहिरो र ठूला ढुङ्गा खस्ने तथा तल मस्र्याङ्दी नदीले सडक कटान गर्ने दोहोरो जोखिम छ। सामान्य वर्षा हुँदा पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने गरेको छ । खरखरे क्षेत्रको करिब ८० मिटर सडक अत्यन्त संवेदनशील रहेको सडक आयोजना कार्यालयले जनाएको छ।
पहिरो नियन्त्रण तथा सडक संरक्षणका लागि करिब २० करोड रुपैयाँ लागत अनुमान गरिएको योजनाको ठेक्का १६ करोड ४८ लाख रुपैयाँमा खरीढुङ्गा–गोलसेस्वरा जेभीले पाएको थियो । सम्झौताअनुसार २०८० मङ्सिरभित्र काम सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण कार्यले अपेक्षित गति लिन नसकेपछि म्याद थप गरी २०८२ मङ्सिरसम्म पु¥याइएको थियो। त्यस अवधिमा पनि काम सम्पन्न हुन नसकेपछि पुनः निर्माणलाई तीव्रता दिँदै गत भदौभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो तर वर्षायाम सुरु भएपछि निर्माण कार्य प्रभावित भएको छ।
सूचना अधिकारी विष्टका अनुसार खरखरेमा हालसम्म करिब ६० प्रतिशत मात्रै काम सम्पन्न भएको छ। संरक्षणको काम समयमै सम्पन्न हुन नसक्दा यस वर्षको वर्षायाममा पनि उक्त क्षेत्र उच्च जोखिममा रहेको उहाँले बताउनुभयो। ‘यो क्षेत्रमा माथिबाट पहिरो र ठूला ढुङ्गा झर्ने तथा तल मस्र्याङ्दी नदीले कटान गर्ने दोहोरो जोखिम छ,’ उहाँले भन्नुभयो, ‘संरक्षणको काम समयमै सम्पन्न भएको भए जोखिम धेरै हदसम्म कम हुने थियो । अहिले पनि यो क्षेत्रलाई विशेष निगरानीमा राखेका छौँ।’
बेँसीसहर नगरपालिका–६ का वडाध्यक्ष प्रकाश थापाका अनुसार खरखरे क्षेत्रमा सामान्य वर्षा हुँदा पनि पहिरो खस्ने जोखिम उच्च छ । निर्माण कार्य ढिलो हुँदा स्थानीय बासिन्दा र सडक प्रयोगकर्ता दुवै जोखिममा परेको उहाँले बताउनुभयो । ‘पहिरो नियन्त्रणको काम समयमै सम्पन्न भएको भए अहिलेको जस्तो त्रास हुँदैनथ्यो,’ उहाँले भन्नुभयो, ‘पहिरो विस्तार हुँदै माथिल्लो भागतर्फ बढिरहेको छ । फाँटगाउँका करिब २०–२५ घरधुरी जोखिममा पर्दै आएका छन्। पहिरो बस्ती नजिक पुग्न अब करिब पाँचदेखि सात सय मिटर दूरी मात्रै बाँकी छ।’
लामो समयदेखि बेँसीसहर–चामे सडकमा सवारी चलाउँदै आउनुभएका चालक राजु मगरातीका लागि भने सडकको यो जोखिम दैनिक भोगाइ बनेको छ । उहाँका अनुसार माथि भीर र तल मस्र्याङ्दी नदीका कारण कतिपय स्थानमा निकै डर मानेर सवारी चलाउनुपर्ने अवस्था छ। वर्षायाममा निरन्तर वर्षा भएपछि सडक झनै जोखिमपूर्ण बन्ने गरेको उहाँले बताउनुभयो । ‘यहाँ सवारी चलाउँदा मनमा डर त हुन्छ नै । माथिबाट बेला–बेला ढुङ्गा खस्ने, पहिरो जाने र तल मस्र्याङ्दी नदी बगिरहेको हुन्छ । कतिपय ठाउँमा सडक पनि साँघुरो छ,’ उहाँले भन्नुभयो, ‘आफूलाई डर लागे पनि यात्रुलाई झन् डर नलागोस् भनेर सान्त्वना दिँदै सवारी चलाउँदै आएका छौँ।’
उहाँका अनुसार कहिलेकाहीँ सवारी गुडिरहेका बेला आँखैअगाडि ढुङ्गा खस्ने र पहिरो जाने अवस्था पनि आउने गरेको छ। कतिपय ठाउँमा पहिरो पार गरिसकेपछि समेत माथिबाट ढुङ्गा खस्ने गरेको उहाँको अनुभव छ। ‘यस्ता धेरै घटना भोगेर र जोखिम पार गरेर सवारी चलाउँदै आएका छौँ,’ उहाँले भन्नुभयो, ‘यो हाम्रो व्यवसाय र रोजगारी पनि हो। परिवारको गुजारा चलाउनुपर्ने भएकाले जोखिम हुँदाहुँदै पनि सवारी चलाउन बाध्य छौँ।’
स्थानीयका अनुसार ठूलो वर्षा हुँदा खरखरेमा सडक अवरुद्ध हुने मात्र होइन, पहिरो थप फैलिने चिन्तासमेत बढ्ने गरेको छ। सडक संरक्षणको काम ढिलो हुँदा यात्रुको सुरक्षासँगै स्थानीय बस्तीको भविष्यसमेत जोखिममा परेको उनीहरूको भनाइ छ। बेँसीसहर–चामे सडक अवरुद्ध हुँदा यसको प्रत्यक्ष असर हिमालपारिको जिल्ला मनाङको जनजीवनमा पर्छ। सडक बन्द भएपछि खाद्यान्न, इन्धन, औषधि र अन्य अत्यावश्यक सामग्रीको ढुवानी प्रभावित हुन्छ। बिरामीलाई उपचारका लागि बाहिर लैजान, विद्यार्थीको आवतजावत गर्न तथा व्यापारिक गतिविधि सञ्चालन गर्न कठिन हुन्छ।
दसैँ नजिकिँदै गर्दा यो सडकको महत्व झनै बढेको छ । दसैँमा घर फर्किने तथा आफन्तकहाँ जाने यात्रुको चाप बढ्नुका साथै खाद्यान्न, लत्ताकपडा र दैनिक उपभोग्य सामग्रीको ढुवानी पनि बढ्ने गर्छ। मनाङका स्थानीय मात्र होइन, पर्यटक तथा अन्य यात्रुको आवतजावतसमेत बढ्ने भएकाले सडकमा सवारीसाधनको चाप बढ्छ। यस्तो समयमा सडक अवरुद्ध हुने वा जोखिमपूर्ण अवस्थामा सवारी सञ्चालन गर्नुपर्दा यात्रु तथा स्थानीयले थप कठिनाइ बेहोर्नुपर्ने अवस्था आउँछ।
मनाङवासीले यस्तो अवस्था यसअघि पनि भोगिसकेका छन् । २०७८ सालको वर्षायाममा विभिन्न स्थानमा पहिरो गएपछि बेँसीसहर–चामे सडक करिब साढे तीन महिनापछि मात्र सञ्चालनमा आएको थियो। सडक सम्पर्क टुटेपछि खाद्यान्नलगायत अत्यावश्यक सामग्रीको अभाव हुन थालेको थियो । आवतजावतका लागि कतिपय स्थानीय हेलिकोप्टर प्रयोग गर्न बाध्य भएका थिए। मनाङबाट बेँसीसहर आउन हेलिकोप्टर प्रयोग गर्दा एक यात्रुले करिब २० हजार रुपैयाँसम्म तिर्नुपरेको स्थानीयको अनुभव छ। अहिले सडक सञ्चालनमा आए पनि मनाङवासी ढुक्क हुन सकेका छैनन् । बाढीपहिरोले क्षति पु¥याएका स्थानमा अस्थायी रूपमा नयाँ ट्र्याक खोलेर यातायात जोडिएको छ । कतिपय ठाउँमा खोला तरेर सवारी सञ्चालन गर्नुपरेको छ । वर्षा पुनः बढेमा सडकको अवस्था फेरि बिग्रन सक्ने जोखिम छ।
बेँसीसहर–चामे सडक अन्नपूर्ण पदमार्गको प्रमुख प्रवेशद्वारसमेत हो । यही सडक हुँदै स्वदेशी तथा विदेशी पर्यटक मनाङ पुग्ने गर्छन्। सडकको अवस्था कमजोर हुँदा पर्यटकको आवागमनमा असर पर्नुका साथै होटल, होमस्टे, यातायात, पसल तथा अन्य पर्यटन व्यवसायसमेत प्रभावित हुन्छन् । सडकमा दैनिक दर्जनौँ जिप तथा अन्य सवारीसाधन सञ्चालन हुन्छन्।
मनाङका बासिन्दाको दैनिक आवतजावतदेखि खाद्यान्न, इन्धन, औषधि र निर्माण सामग्रीको ढुवानी यही सडकबाट हुन्छ । मस्र्याङ्दी करिडोर क्षेत्रमा निर्माणाधीन तथा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाका उपकरण र निर्माण सामग्री ढुवानीमा समेत सडकको महत्वपूर्ण भूमिका छ । त्यसैले यो सडक केवल आवतजावतको माध्यम नभई मनाङको पर्यटन, व्यापार, विकास निर्माण र समग्र आर्थिक गतिविधिको आधार बनेको छ । सूचना अधिकारी विष्टका अनुसार बेँसीसहरदेखि खुदीसम्म दुई लेनमा कालोपत्र भएको छ।
बेँसीसहरदेखि चामेसम्मको सम्पूर्ण सडक कालोपत्र गर्ने योजना रहे पनि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) अध्ययन समयमै सम्पन्न हुन नसक्दा आवश्यक बजेट विनियोजन हुन नसकेको उहाँले बताउनुभयो। ‘बेँसीसहर–खुदी खण्डमा जस्तै बाँकी सडकका लागि पनि चरणबद्ध रूपमा बजेट विनियोजन गरेर कालोपत्र गर्न आवश्यक छ,’ उहाँले भन्नुभयो, ‘सडक स्तरोन्नति भएपछि यात्रुको जोखिम कम हुनुका साथै मनाङको पर्यटन, व्यापार र स्थानीय जनजीवनमा सकारात्मक प्रभाव पर्नेछ।’
भौगोलिक रूपमा अत्यन्त जटिल क्षेत्रमा निर्माण गरिएको बेँसीसहर–चामे सडकमा हरेक वर्ष वर्षायामसँगै जोखिम दोहोरिन्छ । माथिबाट पहिरो र ढुङ्गा खस्छ, तल मस्र्याङ्दीको बहाव बढ्छ । कतै सडक भासिन्छ, कतै नदीले सडकको भाग कटान गर्छ। कतिपय स्थानमा काठे पुल बगाउँछ र कतै नयाँ ट्र्याक खोलेर मात्र आवागमन जोड्नुपर्ने अवस्था आउँछ । यस वर्षको असोजको बाढी पहिरोले यही जोखिमलाई फेरि उजागर गरेको छ । ३५ स्थानमा क्षति पुगेपछि पाँच–छ दिन अवरुद्ध भएको सडक तत्कालका लागि सञ्चालनमा आए पनि जोखिम अझै उच्च छ।

# भन्सार छली गरी ल्याइएका १५ लाख बराबरका सामान बरामद

**वीरगंज।**
सशस्त्र प्रहरी बल पर्साले १५ लाख २८ हजार रुपैयाँ बराबरको विभिन्न सामान बरामद गरेको छ।
वीरगंज महानगरपालिका–१६ भुटनदेवी मन्दिरस्थित सीमा इलाकामा सशस्त्र प्रहरी बल नेपाल १३ नं गण हेडक्वाटर पर्साबाट खटिएको टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली गरी नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा नौ लाख २२ हजार ५ सय रुपैयाँ बराबरको औषधि नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाएको छ। हेडक्वाटर पर्साबाट खटिएको अर्को टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली नेपालतर्फ ल्याउँदै गरेको तीन लाख दुई हजार ९ सय ६० रुपैयाँ बराबरको मोटरसाइकलसहित तरकारी वीरगंज–१६ बाट नियन्त्रणमा लिई भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नं १३ गणका सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज क्षेत्रीले जानकारी दिए । यस गण मातहत सीमा सुरक्षा गुल्म वीरगंजबाट खटिएको टोलीले वीरगंज–१६ इनर्वा सीमा इलाकाबाट भारततर्फबाट अवैध रूपमा भन्सार छलेर नेपालतर्फ ल्याउँदै गरेको अवस्थामा एक लाख ७७ हजार ८ सय ६० रुपैयाँ बराबरको कपडा तथा जुत्ता बरामद गरी भन्सार कार्यालयको प्रहरी नायब उपरीक्षक क्षेत्रीले जानकारी दिए।
त्यस्तै पर्साकै जगरनाथपुर गाउँपालिका–२ लक्ष्मीपुरचोकमा सीमा सुरक्षा गुल्म भिखमपुरबाट खटिएको टोलीले भारततर्फबाट अवैध रूपमा भन्सार छली गरी ल्याइएको एक लाख २५ हजार १ सय रुपैयाँ बराबरको सामानसहित मोटरसाइकल नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि वीरगंज भन्सार कार्यालयमा बुझाएको छ।



**महाधिवेशनमा नौमती बाजा बजाउँदै महिला कलाकारः** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको बर्दिबासमा रजत महोत्सव तथा नवौँ महाधिवेशनमा सहभागी सिन्धुली कलाघरका नौमती समूहका महिला नौमती बाजा बजाउँदै । महाधिवेशन शनिबार समापन हुने कार्यक्रम छ। तस्बिरः गोपाल बराल/रासस

# लागुऔषध कारोबार र सामाजिक सञ्जाल दुरुपयोग नियन्त्रण माग

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा बढ्दो लागुऔषध कारोबार तथा दुव्र्यसन नियन्त्रण गर्न र सामाजिक सञ्जालको दुरुपयोगबाट हुने आपराधिक गतिविधि रोक्न जनसरोकार अभियानले सरकारसँग माग गरेको छ।
अभियानले शुक्रबार जिल्ला प्रशासन कार्यालय धनुषामार्फत गृहमन्त्रीसमक्ष ज्ञापनपत्र बुझाउँदै लागुऔषधको अवैध कारोबार नियन्त्रण गर्न, सामाजिक सञ्जालबाट हुने चरित्रहत्या रोक्न तथा धार्मिक र जातीय सद्भाव खल्बल्याउने गतिविधिमा संलग्नलाई कानुनी कारबाही गर्न माग गरेको हो।
ज्ञापनपत्रमा जिल्लामा लागुऔषध दुव्र्यसनमा संलग्न हुनेको संख्या बढ्दै गएको उल्लेख गर्दै यससँगै चोरी, सामाजिक सञ्जालमा अभद्र टिप्पणी, व्यक्तिको चरित्रहत्या र समाजमा धार्मिक तथा जातीय विभाजन सिर्जना गर्ने गतिविधि बढिरहेकोप्रति चिन्ता व्यक्त गरिएको छ। अभियानका अनुसार सामाजिक सञ्जालमार्फत वास्तविक घटनालाई अतिरञ्जित गर्ने, हुँदै नभएका घटनाबारे भ्रम फैलाउने र युवालाई आपराधिक गतिविधितर्फ प्रेरित गर्ने कार्यले सामाजिक सद्भावमा नकारात्मक असर पारिरहेको छ । यस्ता गतिविधि नियन्त्रण गर्न राज्यले प्रभावकारी कदम चाल्न नसकेको आरोप लगाउँदै अभियानले सामाजिक सञ्जालको कानुनसम्मत प्रयोग सुनिश्चित गर्न र गैरकानुनी गतिविधिमा संलग्नलाई कारबाहीको दायरामा ल्याउन माग गरेको छ।
त्यसैगरी, सीमापारिबाट अवैध रूपमा भित्रिने प्रतिबन्धित लागुऔषधको ओसारपसार, बिक्रीवितरण तथा उपलब्धता नियन्त्रण गर्न सुरक्षा र नियमनकारी निकायलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा गरिएको छ।
अभियानले जनकपुरधाम उपमहानगरपालिका–५ मा अमिन सफीमाथि भएको घटनाको निष्पक्ष छानबिन गर्न र दोषी ठहर हुने व्यक्तिका साथै घटनामा संलग्न रहेको पुष्टि हुने सहयोगीलाई समेत कानुनी कारबाही गर्न आग्रह गरेको छ । समाजमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्नु राज्यको प्रमुख दायित्व भएको उल्लेख गर्दै अभियानले कानुनको प्रभावकारी कार्यान्वयनमार्फत अपराध नियन्त्रण गर्नुपर्नेमा जोड दिएको छ।
जनसरोकार अभियानका अध्यक्ष जितेन्द्रकुमार महासेठले हस्ताक्षर गरेको ज्ञापनपत्रको बोधार्थ मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम र जिल्ला प्रहरी कार्यालय धनुषालाई समेत दिइएको छ।

# लामो समयसम्म तलब नपाएपछि गढीमाई र गरुडामा कर्मचारीहरु आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
गढीमाई र गरुडा नगरपालिकामा कार्यरत कर्मचारीहरू लामो समयदेखि तलब नपाएपछि आन्दोलनमा उत्रिएका छन् । दशैंमा समेत तलब भुक्तानी नभएपछि कर्मचारीहरूले पालिकाको नेतृत्वप्रति असन्तुष्टि जनाउँदै विरोधका कार्यक्रम अघि बढाएका हुन्।
गढीमाई नगरपालिकामा तलब भुक्तानीको माग गर्दै स्थायी तथा करारका कर्मचारीले पालिकाको मुख्य गेटमा तालाबन्दी गरेका छन् । तालाबन्दीका कारण नगरपालिकाको नियमित कामकाजसमेत प्रभावित भएको छ । गढीमाई नगरपालिकाका नगरप्रमुख श्यामप्रसाद यादव भ्रष्टाचार मुद्दामा निलम्बित भएपछि कार्यवाहक नगरप्रमुखको जिम्मेवारी स्मिताकुमारी यादवले सम्हालिरहेकी छन् । नगरपालिकामा कार्यरत करारका कर्मचारीले तीन महिनादेखि २० महिनासम्मको तलब पाउन नसकेको बताएका छन् । तीन आर्थिक वर्षदेखि तलबभत्ता बाँकी रहेको भन्दै उनीहरूले भुक्तानीको माग गरेका छन्।
नगरपालिकाको खातामा पर्याप्त बजेट नभएकाले तलब भुक्तानी गर्न नसकिएको प्रमुख प्रशासकीय अधिकृत इन्द्रदेव पाण्डेयले बताएका छन् । तर, वडामा कार्यरत कर्मचारीको तलब भुक्तानी भए पनि शिक्षा, स्वास्थ्य र कृषि शाखालगायतमा कार्यरत करारका कर्मचारीलाई तलब नदिइएको भन्दै आन्दोलनरत कर्मचारीले विभेद भएको आरोप लगाएका छन्।
उता, गरुडा नगरपालिकामा पनि कर्मचारीले चार महिनादेखिको तलब पाउन सकेका छैनन् । नगरपालिकाको बैंक खाता सञ्चालन नहुँदा तलब भुक्तानीमा समस्या भएको हो।
जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार नगरपालिकामा कार्यरत लेखापालको सरुवा भएपछि नयाँ लेखापालको नाममा खाता सञ्चालन गर्न आवश्यक प्रक्रिया पूरा गर्न पालिकाले पहल नगर्दा समस्या लम्बिएको हो।
तलब भुक्तानीलगायतका माग सम्बोधन गर्न कर्मचारीहरूले नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई १३ बुँदे ज्ञापनपत्र बुझाएका छन् । माग पूरा नभएसम्म हातमा कालोपट्टी बाँधेर काम गर्ने उनीहरूले बताएका छन्।
दुवै नगरपालिकामा तलब भुक्तानीको समस्या लम्बिँदा कर्मचारीहरू आर्थिक कठिनाइमा परेका छन् । गढीमाईमा बजेट अभावलाई तलब नपाउनुको कारण बताइएको छ भने गरुडामा बैंक खाता सञ्चालन नहुँदा भुक्तानी रोकिएको छ । कर्मचारीहरूले समयमै तलब पाउने व्यवस्था गर्न र समस्या समाधानका लागि आवश्यक प्रक्रिया अघि बढाउन पालिका नेतृत्वसँग माग गरेका छन्।

# एन्फाका अध्यक्षसहित चारजनाविरुद्ध आर्थिक अनियमिततामा मुद्दा दायर

काठमाडौँ।
जिल्ला सरकारी वकिलको कार्यालय ललितपुरले निलम्बित अखिल नेपाल फुटबल सङ्घ(एन्फा)का पदाधिकारीविरुद्ध भ्रष्टाचार, ठगी र खेलमा मिलेमतोसम्बन्धी कसुरमा मुद्दा दायर गरेको छ।
बिहीबार सरकारी वकिलको कार्यालयले ललितपुर जिल्ला अदालतमा एन्फाका अध्यक्ष पङ्कजविक्रम नेम्वाङ, महासचिव किरण राई, कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डेलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको हो।
प्रतिवादीमध्ये कोषाध्यक्ष रवीन्द्र जोशी र लेखा अधिकृत सञ्जीव पाण्डे हिरासतमा छन् भने अध्यक्ष नेम्वाङ र महासचिव राई फरार छन् । एन्फामा आर्थिक अनियमितता, म्याच फिक्सिङ (खेल मिलोमतो) र फिफा विश्वकपका टिकट अपचलन गरेको आरोपमा उनीहरुविरुद्ध मुद्दा दायर भएको जिल्ला सरकारी वकिलको कार्यालयले जनाएको छ।
सरकारी वकिलको कार्यालयले जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रअनुसार उनीहरूविरुद्ध ९३ लाख ९ सय रुपैयाँ बिगो कायम गरिएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले एन्फामा भएको आर्थिक अनियमिततालगायतका विषयमा अनुसन्धान गरेको थियो।
फिफा विश्वकप, २०२६ र एएफसी एसियन कप छनोटअन्तर्गत सन् २०२४ मार्च २१ मा काठमाडौँको दशरथ रङ्गशालामा हुनुपर्ने नेपाल र बहराइनबीचको घरेलु मैदानको खेल नियतवश बहराइनमा सारिएको अभियोगमा उल्लेख गरिएको छ । खेल बहराइनमा खेलाएबापत त्यहाँको फुटबल सङ्घबाट टिकट बिक्रीको राजस्वअन्तर्गत एन्फाले पाउनुपर्ने २० हजार अमेरिकन डलर संस्थाको बैंक खातामा दाखिला नगरी अपचलन गरेको अनुसन्धानबाट देखिएको अभियोग पत्रमा उल्लेख छ।
अभियोगपत्रमा १० लाख रुपैयाँभन्दा माथिको खरिदमा अनिवार्य टेन्डर प्रक्रिया अपनाउनुपर्नेमा एउटै स्वामित्वका तीनवटा नक्कली फर्महरू खडा गरी कोटेशनमार्फत खेल सामग्री खरिद गरिएको पाइएको अनुसन्धानमा देखिएको छ। एन्फाको आर्थिक कार्यविधि, २०७५ अनुसार १० लाखभन्दा बढीको खरिदमा टेन्डर प्रक्रिया अपनाउनुपर्ने हुन्छ।
फिफाले सन् २०२६ को विश्वकपका लागि एन्फालाई उपलब्ध गराएको ३ सय ३० थान अनलाइन टिकट पारदर्शी रूपमा वितरण नगरी कालोबाजारी र व्यक्तिगत रूपमा किनबेच गराएको पनि अभियोगमा उल्लेख छ । शेर्पा आउटडोरसँग भएको प्रायोजन सम्झौताबमोजिम एन्फाको खातामा आउनुपर्ने रकम संस्थाको खातामा नहाली महासचिव किरण राईले २५ लाख रुपैयाँ व्यक्तिगत रूपमा बुझेर अपचलन गरेको पनि अनुसन्धानबाट देखिएको छ।
अभियोगपत्रमा फरार रहेका एन्फा अध्यक्ष पङ्कजविक्रम नेम्वाङ र महासचिव किरण राईका हकमा अदालतबाट म्याद जारी गर्न अनुरोध गरिएको छ।
चारैजनालाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा ३१ मा परिभाषित खेलमा मिलोमतो तथा अनियमितता गर्न नहुने कार्य गरी ऐनको दफा ३२ (ग) बमोजिमको कसुर गरेको, सोही ऐनको दफा ३३ को (ग) बमोजिम सजाय हुन तथा निज प्रतिवादीहरूले मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ को उपदफा (१) र (२) मा परिभाषित कसूर गरेको भन्दै संहिताको दफा २४९ को उपदफा ३ (क) बमोजिम सजाय मागदाबी लिइएको छ।
अखिल नेपाल फुटबल सङ्घलाई अमेरिकी डलर ५० हजारको हुन आउने नेपाली रकम ६६ लाख ५३ हजार ९०० तथा अमेरिकी डलर २० हजारको हुन आउने नेपाली रकम २६ लाख ४७ हजार (सम्झौता भएको मिति सन् २०२४ मार्च ४ मा को दररेट रु १३२.३५ बमोजिम) गरी ९३ लाख नौ सय बराबर क्षतिपूर्ति मुलुकी अपराध संहिता, २०७४ को दफा २५४ बमोजिम दिलाई भराई दिन मागदाबी लिइएको छ।
अपराधपीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमपीडित राहत कोषमा प्रतिवादीहरूबाट क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन समेत सरकारी वकिल कार्यालयले अभियोग पत्रमा माग दाबी लिएको छ।
अन्य पदाधिकारी, कर्मचारीहरू तथा अन्य कोही कसैको संलग्नता रहेको भनी यकिन प्रमाणसहित खुल्न आएका बखत साथै प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता रहेको तथ्य पछि खुली आएमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दाबी लिइने उल्लेख गरिएको छ।
प्रतिवादीहरूले कसुरजन्य कार्य गरी सम्पत्ति आर्जन गरी सम्पत्तिलाई अन्यत्र प्रयोग गरेको तथ्य प्रमाणहरूबाट देखिएमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ सम्बन्धी कसुरमा थप अनुसन्धान हुनेछ। रासस

# धोबिनीको १३औँ गाउँसभा ३१ करोडको बजेट पारित



मधेशदृष्टि
पर्सा।
पर्साको धोबिनी गाउँपालिकाको १३औँ गाउँसभा भएको छ । गाउँसभाले चालु आर्थिक वर्ष २०८३–८४ का लागि ३१ करोड ७ लाख ९७ हजार रुपैयाँ बराबरको बजेट सर्वसम्मत पारित गरेको छ। गाउँसभा अध्यक्ष मदन प्रसाद चौहानले उद्घाटन गरेका थिए।
उपाध्यक्ष मञ्जु देवी पटेलको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत संजिव कुमार यादवले नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका थिए । गाउँसभाबाट पाँचै वडाको बिकास बजेट सर्वसम्मतिमा पारित भएको छ।
अध्यक्ष चौहानले स्वास्थ्य, शिक्षा, कृषि, भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गरिने बताए । उनले राजनीतिक समस्याका कारण गाउँसभा सञ्चालनमा ढिलाइ भएको उल्लेख गर्दै गाउँ सभा ढिलो भए पनि दुरुस्त भएको बताए। यसले विकास निर्माणका काम तथा सर्वसाधारणको दैनिक कामकाजमा समेत असर परेको उनले स्वीकारे।
गाउँसभा सम्पन्न भएसँगै विकास निर्माणका कामलाई तीव्रता दिइने र जनताका कामलाई छिटोछरितो तथा प्रभावकारी बनाउने उनको प्रतिवद्धता छ।
प्रमुख प्रशासकीय अधिकृत यादवले आफूले सक्दो इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्ने बताए।
गाउँसभामा उपाध्यक्ष कुर्मी, वडाध्यक्ष अबास मियाँ, देवेन्द्र पटेल, राजकिशोर पटेल, मनाउर मियाँ बन्धु साह तेलीलगायतको उपस्थिति थियो।

# वडाध्यक्षको निधनमा विद्यालयमा शोकसभा



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको हंसपुर नगरपालिका–८ का वडाध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका सदस्य देव नारायण मण्डलको निधनमा झटियाहीस्थित मिथिला तिलक नन्दकुमारी कार्की माध्यमिक विद्यालयले शोकसभा आयोजना गरेको छ।
विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनोजकुमार मण्डलको अध्यक्षतामा सम्पन्न शोकसभामा पूर्वनगरप्रमुख रामज्ञान मण्डल, प्रधानाध्यापक चुल्हाई ठाकुर, शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्य, जनप्रतिनिधि, अभिभावक र विद्यार्थीहरूको उपस्थिति रहेको थियो।
शोकसभामा सहभागीहरूले मण्डलले जनप्रतिनिधिका रूपमा स्थानीय विकास तथा समुदायको हितका लागि निर्वाह गरेको भूमिका र विद्यालय व्यवस्थापन समितिको सदस्यका रूपमा शैक्षिक क्षेत्रमा पु¥याएको योगदानको चर्चा गरेका थिए।
मण्डलको निधनले परिवार, आफन्त, स्थानीय समुदाय र शैक्षिक क्षेत्रमा क्षति पुगेको वक्ताहरूले बताएका थिए । कार्यक्रममा दिवंगत मण्डलप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरिएको थियो।
विद्यालय परिवारले पनि मण्डलप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरेको छ।

# जनकपुर र लालगढमा 'रिफ्रेस सेन्टर' स्थापना

**जनकपुरधाम।**
लामो दूरीमा यात्रा गर्ने यात्रु र चालकलाई थकाइ मार्न जनकपुरधाम र लालगढमा 'रिफ्रेस सेन्टर' स्थापना गरिएको छ।
जिल्ला ट्राफिक प्रहरी कार्यालयले रामानन्द चोक र ट्राफिक बिट लालगढमा सेन्टर स्थापना गरेको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख खगेन्द्रकुमार दाहालका अनुसार सेन्टरमा सवारी चालक तथा यात्रीलाई केही समय आराम गर्ने, चियापानी तथा आवश्यक परामर्श लिने व्यवस्था गरिनेछ । चाडपर्वका समयमा सडकमा सवारीसाधनको चाप बढ्ने भएकाले दुर्घटना न्यूनीकरणका लागि सेन्टर बनाइएको हो।

# पहिला जोगिएका युवक अर्को हत्या...

गत असार ३१ गते पक्राउ अनुमति पुर्जी लिइएको थियो । त्यसपछि जिल्ला प्रहरी कार्यालयले साउन १८ गते जानकी प्रहरी चौकीलाई पत्राचार गर्दै उनको खोजी गरी पक्राउ गर्न निर्देशन दिएको थियो।
प्रहरी नायब उपरीक्षक खनालका अनुसार पुरानो मुद्दामा पनि इर्सादको खोजीका लागि प्रहरी टोली पटकपटक उनको घर पुगेको थियो । तर, उनी फेला परेका थिएनन्। पुरानो मुद्दामा पक्राउ पर्न नसकेका इर्साद बिहीबारको छुरा प्रहारको घटनापछि प्रहरी नियन्त्रणमा आएका हुन्।
सामाजिक सञ्जालका गतिविधिबारे पनि आरोप
इर्साद टिकटक र फेसबुकमा सक्रिय रहेको तथा 'गुण्डा' र 'एमडी इर्साद खान' नामबाट सामाजिक सञ्जाल खाता सञ्चालन गर्ने गरेको विवरण सार्वजनिक भएको छ। उनीमाथि सामाजिक सञ्जालमार्फत अर्को समुदायलाई लक्षित गरी घृणा फैलाउने, हिंसालाई प्रोत्साहन गर्ने तथा गालीगलौजयुक्त सामग्री प्रकाशन गर्ने आरोपसमेत लागेको छ।
यद्यपि, सामाजिक सञ्जालमा राखिएका सामग्रीको प्रकृति, त्यसको कानुनी अवस्था र पछिल्लो घटनासँगको सम्बन्धबारे आधिकारिक पुष्टि हुन बाँकी छ। स्थानीयवासीले इर्साद लागुऔषध सेवन गर्ने गरेको दाबी गरे पनि यसबारे प्रहरीबाट पुष्टि भइसकेको छैन।
आमालाई पनि नियन्त्रणमा लिएर अनुसन्धान
बिहीबारको घटनापछि प्रहरीले इर्सादकी ४२ वर्षीया आमा सैमुख खातुनलाई समेत नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको जनाएको छ । घटनामा उनको भूमिका वा संलग्नताबारे प्रहरीले विस्तृत विवरण सार्वजनिक गरेको छैन।
एक युवकको मृत्यु र अर्का युवक गम्भीर घाइते भएको घटनामा प्रहरीले पुरानो रिसइवी, घटनाको तत्कालीन कारण, प्रयोग गरिएको हतियार र संलग्न व्यक्तिहरूको भूमिकालगायत विषयमा अनुसन्धान गरिरहेको छ।
जानकी मन्दिरनजिकैको व्यस्त क्षेत्रमा भएको घटनाले जनकपुरधामको सुरक्षा अवस्थाबारे पनि चासो बढाएको छ । प्रहरीले आरोपितलाई नियन्त्रणमा लिइसकेको र घटनासम्बन्धी कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ।

# १४ वर्षपछि एकडाराका २५० परिवारले पाए लालपुर्जा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको एकडारा गाउँपालिका–१ का २५० परिवारले जग्गा नापजाँच सम्पन्न भएको करिब १४ वर्षपछि जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेका छन्।
लामो समयदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका स्थानीयले लालपुर्जा पाएसँगै आफूले भोगचलन गर्दै आएको जग्गाको कानुनी स्वामित्व प्राप्त गरेका हुन्।
नापी कार्यालय महोत्तरीले आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गरी लालपुर्जा वितरण गरेको हो।
साविक एकडारा गाविसका वडा नं.



१, २, ३, ४ र ६ का बासिन्दाले लालपुर्जा प्राप्त गरेका छन्।
उक्त क्षेत्रमा आर्थिक वर्ष २०६९÷७० मै जग्गाको नापजाँच सम्पन्न भएको थियो । तर, नापनक्साको काम सकिए पनि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा लालपुर्जा वितरण हुन सकेको थिएन।
लामो समयदेखि जग्गाको आधिकारिक स्वामित्वको प्रमाणपत्र पाउने प्रतीक्षामा रहेका स्थानीयले अहिले आएर लालपुर्जा पाएका हुन्।
लालपुर्जा प्राप्त भएपछि जग्गाको खरिदबिक्री, बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिनेलगायतका काम सहज हुने अपेक्षा गरिएको छ। यसले जग्गाको स्वामित्वसम्बन्धी विवाद निरुपण गर्न र सम्पत्तिको कानुनी हैसियत स्पष्ट पार्नसमेत सहयोग पुग्ने विश्वास गरिएको छ।
लामो समयदेखि जग्गामा बसोबास गर्दै आए पनि स्वामित्वको आधिकारिक प्रमाण नहुँदा विभिन्न समस्या भोग्दै आएका परिवारलाई लालपुर्जा वितरणले राहत मिलेको छ।



राजदेवी मन्दिरः सिङ्गारिएर चिटिक्क पारिएको जनकपुरधामस्थित ऐतिहासिक राजदेवी मन्दिर। तस्बिरः चन्द्रदेव साह÷रासस

# ऋण गरेर व्यापारिक भवन करबाट ऋण तिरिँदै !

**देशकै चर्चितमध्ये एक लालबन्दी बजारको मध्य भाग पूर्व पश्चिम राजमार्गसँगै निर्माण गरिएको सुविधा सम्पन्न भवन अलपत्र परेको विषयले स्थानीय चिन्तित**

**सर्लाही।**
लालबन्दीमा व्यापारिक प्रयोजनको लागि निर्माण गरिएको भवन अलपत्र परेको छ।

नगर विकास कोषको करोडौँ ऋण सहायतामा तयार लालबन्दी नगरपालिका–७, डुमडुमेस्थित व्यापारिक भवन (सपिङ कम्प्लेक्स) प्रयोगविहीन बनको हो।

निर्माण सम्पन्न भएर पनि प्रयोग ठेक्का नलागेको यस भवन २०८२ साल भदौ २३ र २४ को जेनजी आन्दोलनको क्रममा तोडफोड भएको थियो । त्यसपछि भवनको अवस्था थप जर्जर बनेको छ।

व्यापारिक प्रयोजनले निर्माण गरिएको यस भवन ठेक्काबाट नगरले आर्थिक उपार्जन गर्नुका साथै व्यापार प्रवर्द्धनमा टेवा पुर्याउने अपेक्षा गरिएको थियो । तर, अलपत्र भवन अहिले नगरको सेतो हात्ती सावित भएको छ।

नगर विकास कोषको सर्तबमोजिम सावाँ र ब्याज रकम तिर्नु परिरहेको तर, भवनबाट कुनै आयआर्जन नभएको नगर प्रशासकीय प्रमुख पितानाथ लुइँटेलले बताए।

जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनी गरिएको भवनलाई सञ्चालन योग्य बनाउन समेत थप ठूलो धनराशि खर्च हुने देखिएको छ।

यस भवन निर्माणको लागि २०७६ जेठमा किराँतेश्वर माउण्टपुमरी जेभिले छ करोड ४१ लाख ६० हजार ३ सय ६२ रुपैयाँ २९ पैसा लागमा ठेक्का सकारेको थियो।

निर्माण सम्पन्न गरी २०७८ चैत १९ गते तत्कालीन मेयर मानबहादुर खड्काले भवन उद्घाटन गर्नुभएको थियो । वार्षिक करिब दुई करोड रुपैयाँ आम्दानी गर्ने बताइएको यस भवन ठेक्का लगाउन भने हम्मेहम्मे परेको छ । ठूलो लगानीमा निर्माण यस भवनको छ तलामा ५३ वटा कोठा, लिफ्टलगायतका संरचना निर्माण भएका छन्।

ऋण लिएर राम्रो काम गरेको भन्दै कोषले देशभरिकै उत्कृष्ट नगरको रुपमा नगद एक लाख रुपैयाँ पुरस्कारसहित सम्मानसमेत गरेको थियो । तर, भवन बनेको पाँच वर्षसम्म पनि यसबाट कुनै आर्थिक उपार्जन गर्न नसकिएको पालिकाले जनाएको छ।

यस भवन ठेक्काको लागि पालिकाले विभिन्न समयमा दर्जन पटक सूचना निकालेको थियो । पहिलो पटक २०८० असारमा मासिक छ लाख रुपैयाँ न्यूनतम भाडा दर कायम गरेको पालिकाले ठेक्का नलागेपछि, दोस्रो पटक चार लाख ५० हजार रुपैयाँ, तेस्रो पटक तीन लाख १५ हजार रुपैयाँ हुँदै चौथो पटक दुई लाख ५२ हजार रुपैयाँ भाडा दर कायम गरेर सूचना प्रकाशित गरेको हो।

एक वर्षपछि २०८२ असारमा आदित्य कन्स्ट्रक्सन, चन्द्रनगर गाउँपालिक–२, ले दुई लाख ५७ हजार ५ सय ५ रुपैयाँमा ठेक्का लिएको हो। भवन भाडामा लगाउन नसक्दै जेनजी आन्दोलनको क्रममा भवन तोडफोड भएपछि वर्ष दिन पनि नपुगी नगरले कम्पनीसँगको ठेक्का सम्झौता पनि तोड्नुपर्यो । त्यसयता भवन जीर्ण अवस्थामा छ।

अहिले पालिकाले मर्मतसम्भार गरेर भवन ठेक्का लगाउने जनाएको छ । तोडफोडबाट जीर्ण बनेको भवनलाई मर्मतसम्भार गरेर भाडामा लगाउन नगरले यस वर्ष ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको नगर प्रमुख वासुदेव अधिकारीले जानकारी दिए।

'गत वर्ष बजेट बनाई सकेपछि भवन तोडफोड भयो,' उनले भने, 'मर्मत सम्भारका लागि कुनै बजेट भएन । हामीले यस वर्षको नगरसभाबाट बजेट विनियोजन गरेका छौँ । यसलाई थप सुविधा सम्पन्न बनाएर ठेक्का लगाउने छौँ।'

भवनबाट कुनै आयस्रोत नभएपछि नगरको आन्तरिक स्रोत अर्थात् नागरिकले तिरेको करबाट ऋण सावाँ र ब्याजबापतको रकम भुक्तानी गरिरहेको उनको भनाइ छ।

'ऋण लिएपछि त तिर्नै पर्छ,' मेयर अधिकारीले भने, 'नगरको सम्पत्ति भएपछि दायित्व पनि नगरकै भयो।' भवन ठेक्का लगाउन सकस परेको र निर्माणकै क्रममा प्राविधिक त्रुटि रहेको उनको दाबी छ । अघिल्लो कार्यकालका जनप्रतिनिधिको योजनाअनुसार निर्माण भएको संरचना भएकाले आफूलाई धेरै कुरा थाहासमेत नभएको उनले बताए।

यता देशकै चर्चितमध्ये एक लालबन्दी बजारको मध्य भाग पूर्व पश्चिम राजमार्गसँगै निर्माण गरिएको सुविधा सम्पन्न भवन अलपत्र परेको कुराले स्थानीय चिन्तित बनेका छन्। नगरवासीको हैसियतले आफूहरूको थाप्लामा ऋण थोपरेर तयार गरिएको भवन उपयोगविहीन बनेको भन्दै स्थानीय ऋषिप्रसाद सुवेदीले गुनासो गरे।

यस्ता योजना ल्याउनुपूर्व त्यसको औचित्य र उपयोगिता स्पष्ट हुनुपर्नेमा लहडमा गरिएको विकासले नगर र नगरवासीलाई थप ऋणको भारी बोकाएको उनको तर्क थियो । 'मूलरोडसँगै यति ठूलो भवन बनेको छ,' उनले भने, 'यसको प्रयोग के त ? नगरले लामो समय ठेक्का लगाउनै सकेन।

अनेक गरेर दररेट घटाएर लगाएको पनि पाँच महिना पनि चलेन । तोडफोड भयो । अहिले नागरिकले खाइनखाई तिरेको करबाट ऋण तिरिरहेको छ।'

यो कुनै हिसाबले न्यायसङ्गत भएन । यसलाई छिट्टोभन्दा छिट्टो प्रयोगमा ल्याएर आर्थिक उपार्जन गरी नागरिकमाथिको भार हटाउनुपर्छ । विभिन्न निकायबाट निर्माण भएका यस्ता भवन प्रयोगविहीन हुँदा तीनै तहका सरकारलाई दोहोरो घाटा भइरहेको छ । त्यतिमात्र हैन । राज्यको लगानीसमेत दुरुपयोग भइरहेको जानकारहरूको भनाइ छ भने, अर्कोतर्फ निर्माण सम्पन्न नहुँदै तथा प्रयोगमै नआई यस्ता संरचना जीर्ण बन्दै गएको छ। रासस

# पर्यटनको प्रवेशद्वार जलेश्वर ओझेलमा सम्भावना उपयोग गर्न नसकिएको गुनासो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाले सम्पन्न महोत्तरीको जलेश्वरमा पर्यटन विकासको प्रचुर सम्भावना भए पनि पर्याप्त प्रचारप्रसार, पूर्वाधार र पर्यटकीय सेवाको अभावमा त्यसको उपयोग हुनसकेको छैन । धार्मिक आस्थादेखि मिथिला संस्कृति र ऐतिहासिक सम्पदासम्मको पहिचान बोकेको जलेश्वरलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नसकिएको पर्यटन व्यवसायीहरूको गुनासो छ।

जलेश्वरको पहिचान यहाँस्थित प्रसिद्ध जलेश्वरनाथ महादेव मन्दिरसँग जोडिएको छ । बाह्रै महिना जलभित्र रहने जलेश्वरनाथ महादेवको दर्शन गर्न विभिन्न स्थानबाट श्रद्धालु आउने गर्छन् । धार्मिक आस्थाको यो केन्द्रलाई व्यवस्थित पर्यटनसँग जोड्न सके जलेश्वरलाई धार्मिक पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना छ।

तर जलेश्वरको पर्यटन सम्भावना जलेश्वरनाथ मन्दिरमा मात्रै सीमित छैन। महोत्तरीका विभिन्न धार्मिक तथा ऐतिहासिक स्थललाई एउटै पर्यटन मार्गमा जोड्न सके पर्यटकको बसाइ लम्ब्याउन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सकिने आधार छ। यद्यपि, ऐतिहासिक सम्पदाको पर्याप्त प्रचारप्रसार र पर्यटकलाई आवश्यक सुविधा उपलब्ध गराउन नसक्दा जलेश्वर आउने पर्यटकलाई टिकाउन कठिन भइरहेको जलेश्वर उद्योग वाणिज्य संघका अध्यक्ष शिवचन्द्र चौधरी बताउनुहुन्छ।

मधेश प्रदेशको पर्यटनमा भारतीय पर्यटकको महत्वपूर्ण योगदान रहेको छ । पशुपतिनाथ, पोखरा र मुक्तिनाथलगायतका गन्तव्यमा पुग्ने कतिपय भारतीय पर्यटक महोत्तरीको जलेश्वर हुँदै नेपाल प्रवेश गर्छन् । यस हिसाबले जलेश्वर मधेश प्रदेश मात्रै नभई समग्र नेपालको पर्यटन प्रवेशद्वारका रूपमा विकास हुन सक्ने सम्भावना बोकेको क्षेत्र हो।

तर नेपाल प्रवेश गर्ने पर्यटकलाई जलेश्वरमा रोक्न र यहाँका सम्पदासँग जोड्न नसकिएको स्थानीयको भनाइ छ।

सीमा नाकामा पर्यटकसँग गरिने व्यवहारसमेत पर्यटकको अनुभवसँग जोडिने भएकाले स्वागतपूर्ण व्यवहार, सहज आवागमन र आवश्यक पर्यटकीय सेवामा सुधार गर्नुपर्ने युवा पर्यटन व्यवसायी तथा स्थानीय युवाहरूको धारणा छ।

महोत्तरीमा जलेश्वरनाथ मन्दिरबाहेक पनि पर्यटनका दृष्टिले महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक सम्पदा छन्। मटिहानीस्थित लक्ष्मीनारायण मठ, राजकीय संस्कृत विद्यालय तथा गुरुकुल, रौजा मजार, विद्यापति डीह, बर्दिबासस्थित टुटेश्वरनाथ महादेव मन्दिर र पञ्चधुरा माईस्थानलगायतका स्थललाई पर्यटनसँग जोड्न सकिने सम्भावना छ।

यी सम्पदाको संरक्षण, सौन्दर्यीकरण र प्रचारप्रसार गर्न सके महोत्तरीको पर्यटन विकासमा महत्वपूर्ण योगदान पुग्ने होटल संघ नेपाल मधेशका महासचिव दीपेन्द्र पराजुली बताउनुहुन्छ। उनका अनुसार धार्मिक तथा ऐतिहासिक सम्पदालाई व्यवस्थित बनाउँदै पर्यटकका लागि आवश्यक सेवा र सुविधा विस्तार गर्न सके जिल्लामा पर्यटन गतिविधि बढाउन सकिन्छ।

पर्यटन विकासमा नीतिगत स्पष्टताको अभावसमेत चुनौतीका रूपमा रहेको पर्यटन व्यवसायीहरूको गुनासो छ।

नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा) मधेशका महासचिव सुदर्शन काफ्लेका अनुसार पर्याप्त पर्यटकीय सम्भावना हुँदाहुँदै पनि मधेशमा त्यसको उपयोग हुन सकेको छैन । प्रदेश सरकारको दोस्रो कार्यकाल बित्न लाग्दासमेत पर्यटनसम्बन्धी ऐन र नीति आउन नसकेको उनको गुनासो छ।

पर्यटन व्यवसायीहरूका अनुसार धार्मिक पर्यटनसँगै प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक पर्यटनलाई एकीकृत गरी पर्यटन सर्किट निर्माण गर्न सके जलेश्वरलाई यस क्षेत्रको महत्वपूर्ण गन्तव्य तथा प्रवेशद्वारका रूपमा विकास गर्न सकिन्छ। त्यसका लागि महोत्तरीका सम्पदाको संरक्षण, सडक तथा अन्य पूर्वाधारको सुधार, पर्यटकमैत्री सेवा, प्रभावकारी प्रचारप्रसार र स्पष्ट पर्यटन नीतिमा जोड दिन आवश्यक छ।

जलेश्वर हुँदै नेपाल प्रवेश गर्ने पर्यटकलाई यहाँका धार्मिक तथा ऐतिहासिक स्थलसम्म पु¥याउने व्यवस्था गर्न सके स्थानीय होटल, यातायात, व्यापार र अन्य सेवामूलक व्यवसायले समेत लाभ लिन सक्नेछन्।

पर्यटनको सम्भावनालाई व्यवहारमा उतार्न सके जलेश्वरको ऐतिहासिक पहिचान संरक्षण हुनुका साथै स्थानीय रोजगारी र आर्थिक गतिविधि विस्तारमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# विवेक सरदार हत्या प्रकरणः तीन जना पुर्पक्षमा, एक जनालाई धरौटी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
महोत्तरीको बलवा नगरपालिका–७ बनौटामा २४ वर्षीय विवेक सरदारको हत्या प्रकरणमा जिल्ला अदालत महोत्तरीले तीन जनालाई पुर्पक्षका लागि थुनामा राख्न र एक जनालाई धरौटीमा रिहा गर्न आदेश दिएको छ।

अदालतको आदेशअनुसार बलवा नगरपालिका–७ बनौटाका अशोक ठाकुर, उनकी बुहारी सोनु ठाकुर र ज्वाइँ महोत्तरी गाउँपालिका–५ का सियाराम ठाकुरलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिइएको हो । अशोककी श्रीमती रामकली देवीलाई भने दुई लाख ५० हजार रुपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको छ । मृतकका बुबा अशोककुमार बातर सरदारको जाहेरीका आधारमा दर्ता भएको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतका न्यायाधीश सञ्जीव पोखरेलको इजलासले उक्त आदेश गरेको हो।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी विश्वम्भरनाथ साहका अनुसार अदालतको आदेशपछि तीन जनालाई पुर्पक्षका लागि कारागार चलान गरिएको छ । धरौटी रकम बुझाउन नसकेपछि रामकली देवीलाई पनि बिहीबार साँझ कारागार चलान गरिएको उनले जानकारी दिए।

गत भदौ २६ गते बलवा नगरपालिका–७ बनौटास्थित अशोक ठाकुरको घरको शौचालयको सेप्टी ट्यांकीमा भंगहा नगरपालिका–६ का २४ वर्षीय विवेक सरदारको शव क्षतविक्षत अवस्थामा फेला परेको थियो । शव नौ टुक्रा पारेर ट्यांकीमा राखिएको र माथिबाट प्लास्टर गरिएको अवस्थामा भेटिएको थियो।

प्रहरीको प्रारम्भिक अनुसन्धानअनुसार सोनु ठाकुरसँगको प्रेम सम्बन्धको विषयलाई लिएर विवेकलाई भदौ १५ गते अशोक ठाकुरको घरमा बोलाइएको आशंका गरिएको छ । सोही क्रममा उनको हत्या गरी शव ट्यांकीमा लुकाइएको हुन सक्ने प्रहरीको अनुसन्धानबाट खुलेको जनाइएको छ । घटनाको रहस्य ११ दिनपछि खुलेको थियो।

अनुसन्धानका क्रममा घटनाको योजनामा संलग्न रहेको आशंकामा सोनुका श्रीमान् जितेन्द्र ठाकुरसमेत विदेशबाट आएको खुलेको जनाइएको छ। उनी घटनापछि फरार रहेको र उनको खोजी भइरहेको बताइएको छ।

अदालतको आदेशसँगै पक्राउ परेका चारै जना कारागार पुगेका छन् । घटनामा फरार भनिएका जितेन्द्र ठाकुरको खोजी तथा अनुसन्धान भने जारी रहेको प्रहरीले जनाएको छ।




# दसैँ बिदामा पनि अदालतको सेवा रहने

**मधेशदृष्टि**
**वीरगंज।**
उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजले वडा दसैँको सार्वजनिक बिदाका दिन पनि अदालतको कामकारबाही सञ्चालन गर्ने भएको छ।

अदालतले सार्वजनिक बिदाको अवधिमा बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा तथा अन्य अत्यावश्यक प्रकृतिका निवेदनमाथि सुनुवाइ गर्ने जनाएको छ । उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगंजका उपरजिस्ट्रार निराजन पाण्डेका अनुसार, २०८३ साल असोज २५ गतेदेखि कात्तिक ६ गतेसम्म दसैँको अवसरमा सार्वजनिक बिदा भए पनि अदालतबाट अत्यावश्यक न्यायिक सेवा प्रदान गरिनेछ । उपरजिस्ट्रार पाण्डेले दिएको जानकारीअनुसार बिदाका दिन अदालतको कामकारबाही बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म सञ्चालन हुनेछ । यो अवधिमा बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा लगायतका अत्यावश्यक प्रकृतिका निवेदनको सुनुवाइ गरिनेछ।

# खोनपानीमा किरा भेटियो उपभोक्ता चिन्तित

**मधेशदृष्टि**
**रौतहट।**
गढीमाई नगरपालिका–८ स्थित खानेपानीको ट्यांकीबाट वितरण भइरहेको पानीमा किरा देखिएको भन्दै स्थानीय उपभोक्ताले चिन्ता जाहेर गरेका छन् । स्थानीयका अनुसार ट्यांकीबाट वडाका केही गाउँमा नियमित रूपमा खानेपानी आपूर्ति हुँदै आएको छ । तर, वितरण भइरहेको पानीमा किरा देखिएपछि ट्यांकीको सरसफाइ तथा पानीको गुणस्तर परीक्षणबारे प्रश्न उठेको हो। दैनिक उपभोगका लागि प्रयोग गरिने पिउने पानीमै किरा देखिएको गुनासो आएपछि स्थानीयवासीले पानी सुरक्षित भए–नभएकोबारे चासो व्यक्त गरेका छन् । उनीहरूले खानेपानीको नियमित सरसफाइ, ट्यांकीको उचित व्यवस्थापन तथा पानीको गुणस्तर परीक्षणमा सम्बन्धित निकायले विशेष ध्यान दिनुपर्ने बताएका छन् । यस विषयमा वडा अध्यक्ष तथा खानेपानी उपभोक्ता समितिका अध्यक्षको ध्यानाकर्षण गराउँदै स्थानीयवासीले पानीको नियमित अनुगमन र सुरक्षित आपूर्ति सुनिश्चित गर्न माग गरेका छन्।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन